# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फोन नं.: ०२४-४१००४८ (अध्यक्ष),
०२४-४१००४९

मेदिबुङ, थर्पु,पाँचथर
१ नं. प्रदेश, नेपाल


प.सं. : २०७४/०७५

च.नं.

मिति : २०७४/१०/२७

विषय :- <u>सिलबन्दी दरभाउपत्र आह्वानको सूचना।</u>

दोस्रो पटक सूचना प्रकाशित मिति : २०७४/१०/२७

यस गाउँ कार्यपालिकाको लागि डेस्कटप कम्प्यूटर, ल्यापटप, प्रिन्टर, प्रोजेक्टर, सिसिटिभी आपूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक उत्पादक कम्पनी तथा अधिकृत विक्रेता/सप्लायर्स फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

<u>तपशिल</u> :

१.गत आ.व. मा नविकरण सहितको इजाजत-पत्र, करचुक्ता प्रमाणपत्र, अधिकृत बिक्रेता प्रमाण, आयकर/मू.अ.करमा दर्ता प्रमाणहरुको प्रतिलिपि संलग्न राखी छुट्टा-छुट्टै निवेदन दिई दस्तुर रु.१,०००।- (एक हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी बुझाई यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. यो सूचना मेचि पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समयभित्र दरभाउपत्र फाराम खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सो को भालिपल्ट हुनेछ।

३. सिलबन्दी दरभाउपत्र फाराम पेश गर्दा दरभाउपत्रदाताको ग्राह्यता सम्बन्धि आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

४. सिलबन्दी दरभाउपत्र फाराम राखिएको खाम बाहिर "कार्यालयको नाम र डेस्कटप कम्प्यूटर, ल्यापटप, प्रिन्टर, प्रोजेक्टर, सिसिटिभी आपूर्ति सम्बन्धी दरभाउपत्र" भन्ने शब्द लेखि सिलबन्दी गरिएको हुनुपर्नेछ।

५.यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र १६ औं दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु र दरभाउपत्रदाताहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताहरु अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६.सिलबन्दी दरभाउपत्र पेश गर्नेले धरौटी रकम वापत यस कार्यालयको नाममा ने.बैं.लि.फिदिम स्थित धरौटी खाता नं.०६७०३०००००००००३००००५ वा सप्तकोशी डेभलपमेण्ट बैंक थर्पु स्थित धरौटी खाता नं. ०१००००००२७००१ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ।

७.सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत दरभाउपत्रदाताले खरिद सम्झौता गर्दा कबोल गरेको अङ्कको सा.ख. नियमावली, २०६४ को नियम ११० बमोजिम हुने गरी धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेका कार्य सम्पादन जमानत पेश गरी दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र सम्झौताको लागि कार्यालयमा उपस्थित हुनुपर्नेछ।

८.सिलबन्दी दरभाउपत्रमा उल्लेखित परिमाणको डेस्कटप कम्प्यूटर, ल्यापटप, प्रिन्टर, प्रोजेक्टर, सिसिटिभी आपूर्ति गर्ने प्रयोजनार्थः गाउँ कार्यपालिकाको कार्यालय, मेदिबुङ, थर्पु, पाँचथरको गोदाम सम्म ढुवानी गर्नुपर्नेछ।

९. कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१०.कुनै शर्त राखी पेश गरिएको सिलबन्दी दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

११.सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

१२.सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा सा.ख.ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ।

१३.थप बुझ्नु परेमा फोन नं. ०२४-४१००४९, ९८५२६८६६९९ र ९८४४६२१५८० मा सम्पर्क राख्न सक्नु हुनेछ।

१४.खरिद गरिने डेस्कटप कम्प्यूटर, ल्यापटप, प्रिन्टर, प्रोजेक्टर, सिसिटिभी आपूर्तिको प्राविधिक स्पेशिफिकेशन सम्बन्धी विवरण विड डकुमेन्टमा संलग्न राखिनेछ।

१५. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

<u>आपूर्ति गर्नुपर्ने सामान</u> :

| ठेक्का नं. | कामको विवरण | मू.अ.कर बाहेक ढुवानी समेत ल.ई. रकम रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| YRM/SQ/G/05-2074-075 | डेस्कटप कम्प्यूटर, ल्यापटप, प्रिन्टर, प्रोजेक्टर, सिसिटिभी आपूर्ति | १०,८४,९५५।७५ | ३३,०००/- र ७५ दिनको म्याद रहेको | |